# पूर्वाञ्चल विश्वविद्यालय
# चिकित्साशास्त्र संकाय
## गोठगाउँ, मोरङ्ग

च.न. मिति :

## शैक्षिक पदहरूको पद प्रमाणिकरणका लागि दरखास्त आह्वान सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित: २०८२/११/२८ गते)**

पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकाय अन्तर्गत सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थामा कार्यरत पूर्णकालिन शिक्षकहरूको लागि पद प्रमाणिकरण प्रतियोगिताद्वारा बिभिन्न विषयमा पद प्रमाणिकरण गर्नुपर्ने भएकाले न्यूनतम शैक्षिक योग्यता हासिल गरेका उम्मेदवारहरूबाट मिति २०८२/१२/०४ गते भित्र Online माध्यमबाट देहाय बमोजिम कागजातहरू तथा आवेदन फारम सहित postverification@pufomas.edu.np मा दरखास्त पेश गर्नुहुन आह्वान गरिन्छ । म्याद नाघि प्राप्त हुन आएका र रित नपूगेका दरखास्त उपर कुनै कारवाहि हुनेछैन ।

**१) पदः**

| क्र.स. | विज्ञापन नं. | पद | कैफियत |
|---|---|---|---|
| १. | २१–२०८२/०८३ | उप-प्राध्यापक | |
| २. | २२–२०८२/०८३ | सह-प्राध्यापक | |
| ३. | २३–२०८२/०८३ | प्राध्यापक | |

**१.१) अनुभवः**

| पद | कार्य अनुभव |
|---|---|
| उप-प्राध्यापक | शिक्षण अनुभव प्राप्तलाई प्राथमिकता दिइनेछ । |
| सह-प्राध्यापक | उप-प्राध्यापक पदमा ७ वर्ष शिक्षण अनुभव वा सेवा गरेको । |
| प्राध्यापक | सह-प्राध्यापक पद प्राप्त गरी ८ वर्ष अविछिन्न शिक्षण अनुभव वा सेवा गरेको । प्राध्यापक पदमा पी एचडी गरि सकेका उमेदवारहरूलाई प्राथमिकता दिइनेछ । |

**२) आबेदन दस्तुरः**

नविल बैंक लिमिटेड, पूर्वाञ्चल विश्वविद्यालय, गोठगाउँ, मोरङ्ग स्थित PU Faculty of Medical and Allied Sciences को नाममा रहेको चल्ति खाता नं. 00710017518977 मा तपसिल बमोजिमको नगद जम्मा गरेको बैंक भाउचर ।

| क्र.स. | पद | आवेदन दस्तुर | परीक्षा शुल्क | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | उप-प्राध्यापक | १,०००।०० | १०,०००।०० | ११,०००।०० | |
| २. | सह-प्राध्यापक | १,०००।०० | १५,०००।०० | १६,०००।०० | |
| ३. | प्राध्यापक | १,०००।०० | २०,०००।०० | २१,०००।०० | |

**३) आवेदन फाराम साथ पेश गर्नु पर्ने कागजातहरु:**

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि (विदेशी नागरिकको हकमा नेपाल स्थित सम्बन्धित निकाय/परिषद्‌बाट स्वीकृति प्राप्त पत्र संलग्न गर्नुपर्ने छ)।

(ख) सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरुको प्रतिलिपि (एस.एल.सी./एस.ई.ई देखि माथिका सम्पूर्ण लब्धाङ्क-पत्र, चारित्रिक प्रमाण पत्र, मूल प्रमाण पत्र आदि)

(ग) विदेशी विश्वविद्यालय वा वोर्डवाट तहपार गर्ने उम्मेदवारले अनिवार्य रूपमा नेपाल सरकारले तोकेको निकायवाट समकक्षता प्रदान गरिएको ब्यक्तिगत पत्र पेश गर्नु पर्नेछ।

(घ) सम्बन्धित क्याम्पस/कलेज/संस्थाको प्रिन्सिपल/क्याम्पस प्रमुखको स्वीकृति-पत्र।

(ङ) मिति स्पष्ट खुलेको र प्रमाणित भएको पत्र सहित सम्बन्धित क्याम्पस/कलेज/ संस्थाको सम्बन्धित शैक्षिक पदमा नियुक्ति भई कार्य गरेको नियुक्ति पत्र र अनुभवको प्रमाणपत्रहरु।

(च) सम्बन्धित काउन्सिलको प्रमाण-पत्र (दर्ता आवश्यक पर्ने भएमा मात्र)।

(छ) वैयक्तिक विवरण १ प्रति (बायोडाटा)।

(ज) अनुसन्धानात्मक प्रकाशित कृतिहरुको (Full Text) विवरण। **(Abstract लाई गणना गरिने छैन।)**

(झ) स्थायी लेखा नम्बर उल्लेख भएको कार्डको प्रतिलिपि।

(ञ) कार्यरत रहेको अवधिभरको अनिवार्य रूपमा तलबको बैंक स्टेटमेन्ट पेश गर्नुपर्ने छ।

(ट) सम्बन्धित क्याम्पस/कलेज/संस्था बाहेक अन्य कुनै निकायमा पूर्णकालीन रुपमा काम गरिरहेको छैन भनी स्वघोषित कबुलियतनामा।

४) **आबेदन फारमः** आवेदन फारम चिकित्साशास्त्र संकायको वेवसाइट https://pufomas.edu.np/download/list वाट सोझै डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

५) **आबेदन फारम बुझाउनेः** आवेदन फारम तथा कागजातहरू चिकित्साशास्त्र संकायको इमेल **postverification@pufomas.edu.np** मार्फत बुझाउनुपर्ने छ।

# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
गोठगाउँ, मोरङ्ग


६) पद प्रमाणिकरणको आधार र अङ्क विभाजनः

| क्र.सं. | प्रतियोगिताको आधार | उप-प्राध्यापक | सह-प्राध्यापक | प्राध्यापक |
|---|---|---|---|---|
| १. | शैक्षिक योग्यता | ४० | ३० | ३० |
| २. | प्राध्यापन अनुभव | - | १५ | १५ |
| ३. | लिखित परीक्षा | - | - | - |
| ४. | अनुसन्धान र कृति प्रकाशन | १० | २० | २० |
| ५. | तालिम | १० | - | - |
| ६. | अन्तरवार्ता | ४० | ३५ | ३५ |
| | जम्मा | १०० | १०० | १०० |

७) बिज्ञापन सम्वन्धी अन्य व्यवस्था "पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको पद प्रमाणिकरणको आधार एवम् सिफारिश सम्बन्धी कार्यप्रणाली २०८० (तेश्रो संसोधन सहित)" अनुसार हुनेछ ।

८) थप जानकारीका लागि कार्यालय समय भित्र पू. वि. चिकित्साशास्त्र संकाय, गोठगाउँ, मोरङ्ग स्थित प्रशासन शाखामा सम्पर्क गर्नहुन समेत जानकारी गराईन्छ ।

९) उल्लेखित सूचनाको भुल सुधार गर्ने अधिकार पू. वि. चिकित्साशास्त्र संकायमा सुरक्षित रहनेछ ।

डीन
पूर्वाञ्चल विश्वविद्यालय
चिकित्साशास्त्र संकाय


फोन न : ०२१-४२५००९ फ्याक्स न: ९७७-२१-४२५००८ ईमेल :info@pufomas.edu.np, गोठगाउँ, मोरङ्ग